नेपाल सरकार

कृषि तथा पशुपंक्षी बिकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन इकाई

# दाङ

## कार्यक्रम संचालनका लागि माग पत्र पेश गर्ने सम्बन्धि सूचना

सुचना नं.५

प्रथम पटक प्रकाशित मिति: २०७७।०६।७ गते

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, दाङ्गको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित जोन/सुपरजोन क्षेत्रहरुमा कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन छरिएर रहेका जग्गाहरू लाइ चक्लाबन्दी गरी कार्यक्रम संचालन गर्नुपर्ने भएको हुंदा यस परियोजनामा सुचिकृत भएका ईच्छुक कृषक समुह/सहकारी/जल, वन -उपभोक्ता समिति/कृषक फार्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मिति २०७७/०६/०७ गतेले ३० औ दिन भित्र यस परियोजनामा तोकिएको ढाचाँ (अनुसुची १०) अनुसार आबेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल:

| क्र.सं | कार्यक्रम/कृयाकलाप | अनुदान रकम रु लाखमा | वार्षिक लक्ष्य | कार्यक्रम लागु हुने | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चक्लाबन्दी पकेट/ब्लक/ जोन सचालनको लागि सहकारी र निजी क्षेत्रहरुबाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ९० | ९ | जिल्ला भरी | परियोजना म्यानुअलमा उल्लेख भए अनुसार क्रीयाकलाप अनुसार बढीमा ५० देखी ८५% सम्म । | चक्लाबन्दी गर्न देहाएका बिधिहरू अपनाउन सकीने छ ।<br>• एक अपसमा जग्गा सट्टा पट्टा गरेर ।<br>• संहकारी वा समूह पदती बाट सामुहीक खेती गरेर ।<br>• एउटै मीलेको चक्ला भाडामा लिएर ।<br>• समूह/सहकारी/निजी उधमी ले बृहत रूपमा जग्गा भाडामा लिइ खेती गरेर ।<br>• सरकारी जग्गा भाडामा लिएर |

### प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरु:

१) कृषक समुह/सहकारी/ कृषि फर्म/मह व्यवसायी/उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२) सहकारी र उद्यमीको हकमा लेखा परिक्षण प्रतिवेदन ।

३) कृषक समुह, सहकारी, समितिको हकमा प्रस्ताव पेश गर्ने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि ।

४) भौतिक निर्माण सम्बन्धी कार्यक्रमको हकमा लागत ईस्टिमेट र कार्ययोजना सहितको प्रस्तावना।

५) आबेदन पेश गर्दा अनुसुची १० बमोजिमको फर्मेटमा पेश गर्नुपर्ने छ र उक्त फर्मेट परियोजना कार्यान्वयन इकाई दाङ्ग को वेबसाईड dang.superzone.gov.np बाट प्रास गर्न सक्नुहनेछ।

६) समुह/सहकारी/उद्यमीले प्रस्तावना सम्बन्धी कार्य गर्नका लागि आधिकारिक ब्यक्ती तोकेको निर्णय पेश गर्नुपर्ने छ ।

७) प्रस्तावनामा अनिवार्यरुपमा आधिकारीक व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि सहित हस्ताक्षर र छाप लगाउनुपर्नेछ ।

८)सम्वन्धी स्थानीय तहको सिफारिस पत्र पेश गर्नुपर्ने छ ।

९) निवेदनमा रु १० को टिकट टाँस गर्नुपर्नेछ ।

१०) आफ्नो स्वामित्वमा जग्गा भएमा जग्गाको लालपुर्जाको प्रतिलिपी वा आफ्नो स्वामित्वमा जग्गा नभएमा कम्तीमां ५ वर्षको लागि भाडामा लिएको जग्गाको करारनामा वा मञ्जुरीनामा कागजको प्रतिलिपी सहित रकम साझेदारी गर्न सक्ने प्रमाण पेश गर्नुपर्ने छ ।

महेश रेग्मी
वरिष्ठ कृषि अधिकृत

११) कृषक समूह, कृषि सहकारी, कृषक उद्यमीलाइ उल्लेखित कार्यक्रममा सहकार्यको लागी चयन गर्दा परियोजना सञ्चालन म्यान्युलमा व्यवस्था भए अनुसार गरिने छ ।

**(नोटः तोरी /मौरी जोनमा आबद्ध कृषि समुह/सहकारी/उद्यमीहरुले तोरी जोनको सम्पर्क कार्यालय तुल्सीपुर र मौरी जोनको सम्पर्क कार्यालय घोराहीमा समेत प्रस्ताव पेश गर्न सक्नुहुने छ । )**

बिस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन इकाई दाङ्गमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्वरहरु ०८२-४१७०७०, ९८४७९६७६५८, तुल्सीपुरको लागि सम्पर्क नं. ९८५७८४१०३१ र घोराहीको लागि सम्पर्क नं.९८५७०१५११७, ९८५७८४१०३२

**नोटः अनुसुची १० अनुसार नभरिएको र म्याद नाघेर आएको प्रस्ताव मूल्यांकनको लागी समावेश गरिने छैन ।**

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, दाङ

गणेश रेग्मी
वरिष्ठ कृषि अधिकृत